# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, साउन १८ गते २०५६ साल (अतिरिक्ताङ्क १८ (क)

## भाग ३

### श्री ५ को सरकार

### वाणिज्य मन्त्रालयको सूचना

निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४८, अतिरिक्ताङ्क ६१ (ख), मिति २०५५।६। १७ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम विभिन्न किसिमका तयारी पोशाकको लागि पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिएको कोटा परिमाण मध्ये वर्ग ३४० र ३४७।३४८ को कोटा समाप्त भएकोले ट्रेडिङ्ग फर्मलाई छुट्याइएको एक प्रतिशत, जगेडा एक प्रतिशत र चालू वर्षमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगलाई छुट्याइएको मध्येबाट १ प्रतिशत कोटा बाहेक वर्ग ३४० को हकमा मिति २०५६।४।७ सम्म निर्यात भई बाँकी रहन आएको सबै परिमाणलाई सोही मितिदेखि र वर्ग ३४७।३४८ को हकमा मिति २०५६।४।१८ सम्म निर्यात भई बाँकी रहन आएको सबै परिमाणलाई सोही मितिदेखि पहिला आउनेलाई पहिलो प्राथमिकताका आधारमा कोटा वितरण गरिने छ ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको नि. सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

६०९

मुद्रण विभाग, सिंहदरबार

602 अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।